# लोक सेवा आयोग
## (सूचना तथा प्रकाशन शाखा)

लोक सेवा आयोग सूचना तथा प्रकाशन शाखा

# सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७५/३/२२)**

आ.व. ०७५/७६ मा आयोगलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित सामानहरु बोलपत्र/सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त र इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको सिलबन्दी/बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र/सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुकफर्म ,उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिन र दरभाउपत्रको हकमा १५ औं दिनसम्मकार्यालय समयभित्र चालु आ.व. को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. ०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि लिखित निवेदन पेश गरी बोलपत्रको हकमा रु. ३०००।- (फिर्ता नहुने गरी) र शिलवन्दी दरभाउपत्रको हकमा रु. १०००।- राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस आयोगको भण्डार शाखा तथा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन र बोलपत्र ३१ औं दिनको १२.०० बजेभित्र यस आयोगको नाममा सम्बोधन गरी

बोलपत्रफाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस आयोगको प्रशासन शाखामा तोकिएको समयभित्रै दर्ता गराईसक्नुपर्नेछ । सो सिलबन्दी बोलपत्र/दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता/दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता/दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धीकसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फारामसाथ पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम **कार्यालय कोड २७-२१०-०१** र कोष तथा लेखा नियन्त्रकसमन्वय कार्यालय, थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको **धरौटी खाता नं. १२०१२००००१००२५२४** मादाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरीएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ठेक्का नं. बोलपत्रको हकमा १२० दिन र दरभाउपत्रको हकमा ७५ दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

५. बोलपत्र/दरभाउपत्र पेश गर्दा सामानको नमुना १ प्रति पेश गर्नुपर्ने छ ।

६. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको सिलबन्दी बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. बोलपत्र/दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन् ।

८. बोलपत्र/दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

९. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ । बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको स्टोर शाखामा आई बुझ्न सकिनेछ ।

१०. प्रत्येक ठेक्का नं.को फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नु पर्नेछ । यस सम्बन्धी सूचना आयोगको website: www.psc.gov.np मा हेर्न सकिने छ ।

## तपसिल

| क.सं. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | दरभाउपत्र/ बोलपत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १/०७५-०७६ | फोटोकपी पेपर | ४८,०००.०० | १,०००.०० | ०७५/४/४ | ०७५/४/६ | दरभाउपत्र |
| २. | २/०७५-०७६ | ओ. एम. आर. उत्तरपुस्तिका | १,४७,०००.०० | ३,०००.०० | ०७५/४/२० | ०७५/४/२१ | बोलपत्र |
| ३. | ३/०७५-०७६ | खाम तथा कपडा थैला | ७०,०००.०० | ३,०००.०० | ०७५/४/२० | ०७५/४/२१ | बोलपत्र |
| ४. | ४/०७५-०७६ | फोटोकपी/प्रिन्टर टोनर | ६७,०००.०० | ३,०००.०० | ०७५/४/२० | ०७५/४/२१ | बोलपत्र |
| ५. | ५/०७५-०७६ | स्टेशनरी तथा कार्यालय सामान | १,६५,०००.०० | ३,०००.०० | ०७५/४/२० | ०७५/४/२१ | बोलपत्र |
| ६. | ६/०७५-०७६ | उत्तरपुस्तिका छपाइ | १,६५,०००.०० | ३,०००.०० | ०७५/४/२० | ०७५/४/२१ | बोलपत्र |
| ७. | ७/०७५-०७६ | पिउने पानी | १७,०००.०० | १,०००.०० | ०७५/४/४ | ०७५/४/६ | दरभाउपत्र |

**सूचना नं.:- ९६३/०७४-७५** **मितिः- २०७५/३/२२ गते**